नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/वैशाख २०७२/२०७३ (April 2016) वर्ष २०/अङ्क २२९

## परमेश्वरको आवाज सुन्नु

- एल्डर गोपी राई

परमप्रभुले अब्रामलाई भन्नुभयो, तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा । म तँबाट ठूलो जाति खडा गर्नेछु र तँलाई आशिष् दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु र तँ आशिष्को मूल हुनेछस् । तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। तँद्वारा नै पृथ्वीका सबै कूलले आशिष् पाउनेछन् । यसैकारण परमप्रभुले भन्नुभएबमोजिम अब्राम गइहाले र लोत पनि तिनीसँग गए । हारानबाट निस्केर जाँदा अब्राम पचहत्तर वर्षका थिए । अब्राम, तिनका पत्नी साराई र तिनका भतिजा लोत र तिनीहरूले जम्मा गरेका सबै धनसम्पत्ति र हारानमा प्राप्त गरेका मानिसहरूलाई लिएर कनान देशमा जानलाई निस्के र त्यहाँ पुगे । (उत्पत्ति १२:१-५)

**अब्रामसँग परमेश्वरले ३ वटा कुरा छोड्न भन्नुभयो ।**

(१) तेरो देश छोड् । अब्राम बस्ने देश कल्दीहरूको देश ऊर थियो । त्यहाँ बस्ने जाति पनि मूर्तिपूजक थियो । परमेश्वर मूर्तिपूजालाई घृणा गर्नुहुन्छ । परमेश्वर अब्रामलाई मूर्तिपूजकहरूबाट अलग बनाउन चाहनुहुन्थ्यो ।

मूर्तिपूजाबाट अलग हुनको लागि त्यो ठाउँ छोड्नु पर्थ्यो । त्यो ठाउँ नछोडेसम्म अब्रामले परमेश्वरले उनलाई र उनको सन्तानलाई दिन लाग्नुभएको आशिष् उपभोग गर्न पाउने थिएन किनकि त्यहाँ मूर्तिपूजाको बन्धन थियो, जहाँबाट उनी तनिस्कनुपर्थ्यो ।

(२) दोस्रो कुरा अब्रामलाई परमेश्वरले कुटुम्ब, नातेदार छोड् भन्नुभयो । किनकि उनका नातेदार, आफन्त र कुटुम्बहरू पनि स्वाभाविक रूपमा मूर्तिपूजकहरू थिए । आफन्त र नातेदारहरूको कारणले पनि अब्राहाम मूर्तिपूजाबाट अछुतो रहन गाह्रो थियो । त्यसैले परमेश्वरले अब्रामलाई आफन्त, नातेदार र कुटुम्बहरूको प्रभावबाट छुटाउन चाहनुहुन्थ्यो । आफन्त र कुटुम्बहरूको प्रभाव बाहिर अब्रामको लागि परमेश्वरले ठूलो आशिष् राखिदिनुभएको थियो ।

(३) तेस्रो कुरा तेरो घर छोड् भन्नुभयो । घर छोड्न धेरै गाह्रो कुरा हो । किनकि घरमा धेरै सुविधा हुन्छन् । केही साह्रो-गाह्रो पर्‍यो कि घरकाहरूले सहायता गर्छन् । दाजुभाइ, दिदीबहिनी, काकाकाकी, भतिजा, भतिजीहरूले सहयोग गर्छन् । हेरचाह गर्छन् । ठीक-ठीक समयमा खाना पाइन्छ । घरबाहिर ती सबै कुरा सम्भव हुँदैन । थकाई लाग्छ । भोक लाग्छ । आमा बाबुको माया त्याग्नुपर्छ । सुख सुविधा त्याग्नुपर्छ ।

घरमा भएसम्म त्यहाँ गरिने रीतिविधि, परम्परा, चलन र संस्कार अनुसार नै गर्नुपर्छ । घर छोड्यो भने आफन्त स्वतः छोडिन्छ । परमेश्वरले अब्रामलाई ऊ बसेको ठाउँबाट टाढा जानको लागि भन्नुभयो । अब्राम आज्ञाकारी भएर त्यहाँबाट गइहाले । उनले म कोसँग जाने ? कसरी जाने ? के के बोक्ने ? भनेर सोधेनन् । जब उनले परमेश्वर बोलेको सुने, उनले परमेश्वर नै बोल्नुभएको हो भनेर भरोसा गरे । भरोसा मात्र गरेनन्, उनले विश्वासमा कदम पनि चाले ।

हामी कति जनालाई परमेश्वर बोल्नुहुन्छ भन्ने थाहा पनि हुँदैन । त्यो हदसम्मको भक्तिमा उनीहरू पुगेका हुँदैनन् । कति जनाचाहिँ परमेश्वर बोल्नुभयो भने के भनेर बोल्ने हो बरू नबोलेकै राम्रो भनेर परमेश्वरलाई बोल्नबाट रोक्छन् । परमेश्वरसँग घनिष्ठतामा पुग्न चाहँदैनन् । अर्को वर्गका मानिसहरूचाहिँ आफूलाई मनपर्ने कुरा हो भने स्वीकार्ने र आफूलाई आर्थिक, भौतिक फाइदा नहुने कुरालाई बेवास्ता गर्छन् र भन्छन् यस्तो पनि हुन्छ र ? यसले त मलाई घाटा लाग्छ, नोक्सानी पुर्‍याउँछ । त्यसैले यो परमेश्वर बोलेको होइन भनेर हल्का रूपमा लिन्छन् । उनीहरूको जीवनमा आज्ञापालन हुँदैन । अनि उनीहरू परमेश्वरलाई एउटा नोकर जस्तो गरी काम अह्राउँछन् र भन्छन् यस्तो गर्नुहोस् उस्तो गर्नुहोस्। आशिष् दिनुहोस् । आशिष् त आज्ञापालनमा छ । अब्राहाम गइहाले। आफ्नी श्रीमती साराई, भतिजा लोत र आफूले प्राप्त गरेका नोकरहरू लिएर निस्के । त्यहाँ पुगेपछि परमेश्वरले भन्नुभयो, म यो देश तेरो सन्तानलाई दिनेछु । परमेश्वरले अब्राहामलाई त्यस ठाउँमा पुगेपछि निश्चयता दिनुभयो । तब उनले परमप्रभुको लागि वेदी बनाए । परमेश्वरलाई आदर गरे ।

अब्राम निस्कने बेलामा ७५ वर्षका थिए । एउटा सन्तान पनि थिएन । त्यसपछि त्यो ठाउँमा पुगेर पनि अब्रामले २५ वर्ष पर्खनुपर्‍यो । त्यहाँ पनि उनले धेरै उतार चढाव सामना गरे । अनिकालमा पर्‍यो र मिश्रतिर जानुपर्‍यो । तर मिश्रतिर जाँदा श्रीमतीबाट अलगिनु पर्‍यो । डरमा जिउनुपर्‍यो । तर परमेश्वरको योजना अर्कै थियो । उहाँले उत्पत्ति १२:३ मा प्रतिज्ञा गर्नुभएको "तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु र तँलाई सराप दिनेलाई सराप दिनेछु ।" यसको अर्थ सुरक्षा हो । यहाँ परमेश्वरले सुरक्षाको प्रत्याभूति (ग्यारेन्टी) दिनुभएको हो । फारोले साराईलाई लग्यो । तर परमेश्वरले त्यसको कारणले फारोको घरानामा विपत्ति ल्याउनुभयो । जसको कारणले फारोले साराईलाई कुनै हानी गर्न पाएन । परमेश्वरले आफ्नो भय फारोकहाँ पुर्‍याउन चाहनुहुन्थ्यो । फारोले साराईको खातिर नोकर चाकर, गाईवस्तु, भेडा, गधा र ऊँटहरू दिए । पछिबाट साराई पनि फिर्ता गरिदिए । परमेश्वरलाई प्रेम गर्ने र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति परमेश्वरले सबै कुरा मिलाएर भलाई नै उत्पन्न गर्नुहुन्छ (रोमी ८:२८) ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **चैत्र २७** April 9 | पाष्टर रोबर्ट कार्थक पाष्टर बासिल डिसुजा | श्री सरुष मान तामाङ्ग | पाष्टर अशोक मुखिया | श्री पावल हचागन | एल्डर रूबेन श्रेष्ठ | श्री मिलन प्रधान | एल्डर छयोगेन रोंगोंग |
| **वैशाख ४** April 16 | पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | डीकन बागमान तामाङ्ग | श्री दानिएल घले | डीकन सिमोन भण्डारी | एल्डर नवराज के.सी. | एल्डर सिमोन खालिङ |
| **वैशाख ११** April 23 | एल्डर सामुएल क्षेत्री | एल्डर पूर्ण सुनुवार | डीकनेस् रमा राई | पाष्टर रोबर्ट कार्थक | श्रीमती गंगा श्रेष्ठ | एल्डर छयोगेन रोंगोंग | एल्डर जनक लाल श्रेष्ठ |
| **वैशाख १८** April 30 | डीकन सिमोन पाठक | श्री सिद्धि खालिङ | एल्डर जेम्स राई | एल्डर गोपाल शर्मा | एल्डर श्रीलक्ष्मी सैंजु | श्री श्रीराम सुर्खेती | एल्डर ग्रेस खालिङ |
| **वैशाख २५** May 7 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | श्रीमती रश्मिला तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | श्री सुकराम तामाङ्ग | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर बि.बि. खवास |

अब्रामको साथ लागेर लोतले पनि प्रशस्त आशिष् पाए । उत्पत्ति १३:५-१८ सम्म हेर्‍यौं भने अब्राम मात्र धनाढ्य भएको होइन । तर लोतले पनि प्रशस्त आशिष् पाएको देख्छौं । अब्रामले आफ्ना भतिजा लोतलाई दुवैका भेडा बाख्रा र गाईवस्तुको सम्पत्ति प्रशस्त भएकोले छुट्टिने सल्लाह दिन्छन् । किनकि काका भतिजाका गोठालाहरूका बीचमा झगडा भैसकेको थियो (७ पद) । अब्रामलाई गोठालाहरूका कारणले काका भतिजाको बीचमा नै झगडा होला कि भन्ने डर थियो । अब्रामले आफ्नो लोतलाई भन्छन्, “सारा देश तिम्रो अगि छ । तिमी मबाट अलग होऊ । तिमीलाई जता मन लाग्छ, छानेर लेऊ । तिमी देब्रे गए म दाहिने लागुँला, तिमी दाहिने लागे म देब्रे लागुँला ।”

लोतले आफ्ना आँखा उठाएर हेर्दा यर्दनको बँसीचाहिँ परमप्रभुको बगैंचाजस्तै चारैतिर पानीले भिजेको थियो । लोतले यर्दनको जम्मै बँसी रोजेर पूर्वतिर लागे । त्यसपछि परमेश्वरले अब्रामलाई भन्नुभयो, अब तेरा आँखा उठाएर तँ भएको ठाउँबाट पूर्व, पश्चिम, उत्तर, दक्षिणतिर हेर् । तैंले देखेका सबै ठाउँ म तँलाई र तेरा सन्तानलाई सधैंका लागि दिनेछु । तेरा सन्तानलाई पृथ्वीको धुलोसरह बढाउनेछु। उठ, देशको चारैतिर जा । अब्रामले परमेश्वरको आदरस्वरूप वेदी बनाएको हामी देख्छौं । परमेश्वरले अब्रामलाई भन्नुभयो, चारैतिर आँखा उठाएर हेर् । तर पूर्वतिरका ठाउँ लोतले छानेर लगिसकेको थियो। बूढेसकालसम्म एउटा सन्तान पनि थिएन । तर तेरो सन्तान धुलो सरह बढाउनेछु । अब्रामको लागि उत्तर, दक्षिण र पश्चिम नै प्रशस्त थियो । फेरि परमेश्वरले कुन सन्तानको कुरा गर्नुभएको होला ? इसहाकको जन्म भैसकेको थिएन । झण्डै २५ वर्षको प्रतिक्षापछि मात्र इसहाक जन्मेका हुन् । परमेश्वरले अब्रामलाई प्रतिज्ञा गरेर दिन्छु भन्नुभएको देश कनान हो । जहाँ दूध र मह बग्ने उल्लेख छ । जुन देश अब्रामका नाति याकूब अर्थात इस्राएलका छोराहरू १२ कूललाई मिश्र अर्थात् दासत्वको मुलुकबाट निकालेर ल्याउनुभयो । मोशाको नेतृत्वमा मिश्रबाट निकालेर ल्याउनुभयो र यहोशूको नेतृत्वमा त्यहाँ पुर्‍याउनुभयो ।

धेरै मिशनरीहरूले घर छोडेका छन् । धेरै टाढा जानु पर्दैन । हाम्रै पाष्टर गुरुबा रोबर्ट कार्थकले परमेश्वरको आवाज सुन्नुभयो र देश छोड्नुभयो। नातेदार, कुटुम्ब र आफन्त छोड्नुभयो। घर छोड्नुभयो। अरूलाई आफ्नो बनाउनुभयो । तर उहाँका आफन्तहरू जत्तिकै माया गर्नेहरू मण्डलीमा धेरै जना छन् । कति जनाले अझ बढी माया गर्दा हुन् । जसले गर्दा हामीहरूले परमेश्वरलाई चिन्न पायौं ।

हाम्रो लागि पनि परमेश्वरले आशिष् राखिदिनुभएको छ । तर के हामीले परमेश्वरको आवाज सुनेका छौं ? परमेश्वरको भरोसा गरेका छौं ? परमेश्वरको भरोसामा कदम चालेका छौं ?

परमेश्वरले छोड् भन्नुभएको पुरानो जीवन छोडेका छौं ? पुरानो बानी, व्यहोरा, जीवनशैली, घमण्ड, इर्ष्या, पाप गर्न छोडेका छौं ? परमेश्वर भन्नुहुन्छ, “रोग, बिमारी, पाप, अधर्म छोडेर आइज ।” के हामी तयार छौं त ?

### जानकारी

फागुन २२ गते/मार्च ५ तारिख शनिबार नेइम ज्ञानेश्वर चर्चको शाखा संगति सिन्धुपाल्चोक पाखरको अगुवा **श्री हरि बहादुर भण्डारी**लाई एल्डर अभिषेक गरियो ।



नगरकोट बस्नुहुने, नेइम नगरकोट मण्डलीको सदस्य श्री आइमान तामाङ्ग ७६ वर्षको उमेरमा फागुन २७ गते/मार्च १० तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



गोंगबू नयाँ बसपार्क बस्नुहुने, नेइम गोंगबू मण्डलीको सदस्य श्री जित प्रसाद श्रेष्ठ ७२ वर्षको उमेरमा चैत्र २ गते/मार्च १५ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

### अप्रिल महिनाको कार्यक्रम

वैशाख १ गते/अप्रिल १३ तारिख बुधबार **संयुक्त प्रार्थना**
आ- आफ्नै मण्डलीमा ।

### हार्दिक शुभकामना

नव वर्ष २०७३ सालको सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवार तथा सम्पूर्ण विश्वासीहरू र देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **चैत्र २७** April 9 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री राजु तामाङ्ग |
| **वैशाख ४** April 16 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर किम बिरडन | एल्डर छोगेन कार्थक | डीकन बेन्जामिन तामाङ्ग |
| **वैशाख ११** April 23 | डा. डेल्रोन सेर्ली | एल्डर गोपी राई | डीकन पासाङ्ग तामाङ्ग | डीकन अर्जुन ढकाल | श्री कृष्ण श्रेष्ठ | श्री पिटर लिम्बू | एल्डर सागर थापा | श्री राजु तामाङ्ग |
| **वैशाख १८** April 30 | पाष्टर सामुएल कार्थक | डीकनेस् चिनु घ्लान | डीकनेस् राम माया नगरकोटी | श्री कृष्ण तामाङ्ग | डीकनेस् रमा महर्जन | एल्डर राजु श्रेष्ठ | श्री प्रशान्त सिंह | श्री कुमार सेन्चुरी |
| **वैशाख २५** May 7 | एल्डर गोपी राई | डीकन लाक्पा लामा | पाष्टर प्रेम श्रेष्ठ | श्री राज गुरूङ्ग | डीकन अशोक सुनार | एल्डर कर्ण तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

# हार्दिक बधाई



फागुन २३ गते/मार्च ६ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **उज्ज्वल राई** र नेइम ललितपुर मण्डलीकी सदस्य सुश्री **मनिषा सुनुवार**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती **उज्ज्वल/मनिषा राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन ३० गते/मार्च १३ तारिख आइतबार नेइम जोरपाटी मण्डलीको सदस्य श्री **विकास श्रेष्ठ** र तआबुदाबी, दुबई चर्चकी सदस्य सुश्री **नेहा तामाङ्ग**को नेइम जोरपाटी मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती **विकास/नेहा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २६ गते/मार्च ९ तारिख बुधबार नेइम गोंगबूँ मण्डलीको सदस्यहरू श्री **जगत पटेल** र सुश्री **पुष्पा पौडेल**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती **जगत/पुष्पा पटेल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २७ गते/मार्च १० तारिख बिहीबार नेइम जोरपाटी मण्डलीकी सदस्य सुश्री **सुमित्रा श्रेष्ठ** र स्लागा चर्च, भक्तपुरको सदस्य श्री **दिपक श्रेष्ठ**को नेइम जोरपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती **दिपक/सुमित्रा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २७ गते/मार्च १० तारिख बिहीबार नेइम भंगाल संगतिको सदस्यहरू श्री **विजय लामा** र सुश्री **सुमिना राई**को नेइम भंगाल संगतिमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती **विजय/सुमिना लामा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# विशेष् प्रार्थना

१. देशको नेतृत्व वर्गमा हुनुभएकाहरूले देशलाई चौतर्फी विकास, सुशासन, दिगो शान्ति, ठीक व्यवस्थामा डोऱ्याउन सकून् भनी प्रार्थना गरिदिऔं ।

२. देशलाई अस्वस्थ पार्ने, कमजोर बनाउने र गरीबीतिर धकेल्ने सबै भ्रष्टाचार, घूसखोरी, स्वार्थपन, गुठबन्दी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागू पदार्थको अवैध धन्दा आदि जस्ता अन्धकारका कुराहरूको विरुद्ध प्रार्थना गरौं ।

३. देशका सबै मानिसहरूले एक मात्र सत्य परमेश्वरलाई चिनून् भनी प्रार्थना गरौं ।

४. यस वर्षको एस.एल.सी. परीक्षामा सामेल हुनुभएकाहरू साथै स्कूल, कलेजमा अध्ययनरत सबै विद्यार्थीहरू साथै उच्च शिक्षा हासिल गरिरहनुभएका सबैको लागि प्रार्थना गरिदिऔं ।

५. मौसमको परिवर्तनको कारण देखिने सबै किसिमका रोगबिमारहरूको विरुद्धमा प्रार्थना गरौं ।

६. गुड फ्राइडे र ईस्टरको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

७. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरूको साथै देशभित्र, देशबाहिर मिशनेरी भएर सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, मण्डली साथै संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।

८. नेइमअन्तर्गतका मण्डलीहरूका लागि मण्डली भवन बनाउन र जग्गा किन्नका लागि समयमा नै रुपैया पैसा जुट्न सकून् भनी प्रार्थना गरौं ।

९. मण्डली वृद्धि विस्तारको साथै फैलिएर गएको मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक सेविकाको अभाव नभएको होस् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | २१ 3<br>नेपाल देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यूहन्ना १६:७, १३-१५ | २८ 10<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमाल, पहाडदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २०:१-७ | ५ 17<br>देशका सबै जातिहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | १२ 24<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:१९-२४ | १९ May 1<br>खीष्ट प्रभुबाटको मुक्ति र सित्तैको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना ६:३५-४० |
| **सोमबार** Monday | २२ 4<br>देशको सबै क्षेत्रहरूमा उन्नति, प्रगति, सुधार आदि जस्ता परिवर्तनको निम्ति प्रार्थना गरिदिऔं ।<br>यशैया ६०:१८-२२ | २९ 11<br>मण्डलीका विश्वासीहरूको परिवारमा पारिवारिक वेदी कहिल्यै ननिभेको होस् ।<br>लेवी ६:१२-१३ | ६ 18<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित भएर मण्डली-को हेरचाह गर्न सकून् ।<br>एफिसी ६:६-७ | १३ 25<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५७:१४-१९ | २० 2<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानु भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ |
| **मंगलबार** Tuesday | २३ 5<br>सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५ | ३० 12<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, १ थेस.५:१९ | ७ 19<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरूका निम्ति प्रार्थना गरिदिऔं ।<br>मत्ती ११:२८-२९ | १४ 26<br>विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निरासका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर परमेश्वरमा भरोसा राख्नेहरू भई जिउन सकून् ।<br>भजनसंग्रह ३७:१-११ | २१ 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार** Wednesday | २४ 6<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने, सिक्ने मात्र नभई वचनअनुसार जिउनेहरू मति हुन सकौं ।<br>हितोपदेश ४:४, मत्ती १३:८-९ | **१ वैशाख** 13<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिल पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | ८ 20<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | १५ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१३-१६ | २२ 4<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>रोमी ८:१६-१७, |
| **बिहीबार** Thursday | २५ 7<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा गर्दै र दाबी गर्दै आशिषित भएर जिउनेहरू हुँदै जान सकौं ।<br>२ कोरिन्थी १:२०, २ पत्रुस १:३-४ | २ 14<br>नेपालमा रहेका सबै विश्वासीहरू वचनमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>भजनसंग्रह १:१-६, कलस्सी २:६-७ | ९ 21<br>हामी सबै वर्तमान संसारका संसारीरिक कुराहरूमा होइन तर खीष्ट येशू प्रभुमा रमाउनेहरू हुन सकौं ।<br>१ तिमोथी ६:१७ | १६ 28<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४,४९:१५-१६ | २३ 5<br>सबै जवानहरूले आफ्नो सारा भरोसा परमेश्वरमा राखेर जिउन सकून् ।<br>यर्मिया २९:११-१३ |
| **शुक्रबार** Friday | २६ 8<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुसमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना ४:२३, २४, १ पत्रुस ४:११ | ३ 15<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् ।<br>२ इतिहास २०:२१-३० | १० 22<br>परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>यशैया ६३:७-९ | १७ 29<br>सबै विश्वासीहरू सेवा संगति साथै आराधना सेवामा सुनेका वचन पालना गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २४ 6<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू आराधना गर्न, वचन सुन्न, एकअर्कासँग संगति गर्न आत्माको तयारीमा आउन सकौं ।<br>कलस्सी ३:१५-१७ |
| **शनिबार** Saturday | २७ 9<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा मण्डलीले यथाशक्यभाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८; २७:४ | ४ 16<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित् जीवन जिउन सकून् ।<br>यशैया ५१:११-१२ | ११ 23<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ | १८ 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्।<br>प्रेरित १:८, २:४२-४७ | २५ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १००:१-५ |

**उहाँ सबैको निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।**

**२ कोरिन्थी ५:१५**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,